समाज कल्याण परिषद्,
केन्द्रीय कार्यालय

## घर भाडामा दिने सम्बन्धी गोप्य सिलबन्दी बोलपत्रका शर्तहरु :

समाज कल्याण परिषद् केन्द्रीय कार्यालय, हरिहरभवन,पुल्चोकद्वारा प्रकाशित सूचना बमोजिम परिषद्को प्रादेशिक सम्पर्क कार्यालय संचालनको लागि मिति २०८१/०८/०८ मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा उल्लेख भए बमोजिमको घर भाडामा लिनुपर्ने भएको हुँदा इच्छुक व्यक्ति/कम्पनी/फर्मले सूचनामा तोकिएको समय अवधिभित्र समाज कल्याण परिषद्को कार्यालयमा रीतपूर्वक गोप्य सिलबन्दी बोलपत्र पेश गर्ने सम्बन्धी शर्तहरु निम्न बमोजिम रहेको छ ।

१. गोप्य सिलबन्दी बोलपत्र फाराम यस कार्यालयको वेभ साईट www.swc.org.np बाट डाउनलोड गरि वा परिषद्को केन्द्रीय कार्यालय हरिहरभवन, ललितपुरबाट प्राप्त गर्न सकिने छ । बोलपत्रदाताले तोकिएको म्यादभित्र आवश्यक कागजातसहितको सिलबन्दी बोलपत्र परिषद् कार्यालयमा पेश गर्नुपर्नेछ ।
२. बोलपत्र फारामसाथ व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, घरधनी प्रमाण पुर्जाको प्रतिलिपी, घर रहेको स्थानको नापी नक्सा, घरको नक्सा पास, घर निर्माण सम्पन्नताको प्रमाणपत्रको प्रतिलिपी, घर बहाल कर तिरेको कागजातको प्रतिलिपि, मालपोत तिरेको रसिदको प्रतिलिपि लगायतका कागजात साथै फर्म/कम्पनीको हकमा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि नविकरण तथा अद्यावधिक गरिएको प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वरको प्रतिलिपिहरु नोटरीबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।
३. कबोल रकम अंक र अक्षर दुबैमा स्पष्ट गरी लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ । कबोल गर्दा आफूले भाडामा दिन चाहेको घरको लागि कबोल गरिएको रकम स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ ।
४. बोलपत्रको सूचना प्रकाशन गरेको मितिले ३५ (पैंतिस) दिन भित्र कार्यालय समयमा बोलपत्र फाराम बुझाउन सकिने छ र ३६ औं दिनको दिउँसो २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा परिषद्को केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुरमा गोप्य सिलबन्दी बोलपत्र खोलिने छ । उक्त दिन बिदा परेमा कार्यालय खोलेको दिन सोही स्थान/समयमा खोलिने

छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि परिषद्का कर्मचारी प्रतिनिधिहरुको रोहबरमा खोल्न सकिने छ ।

५. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार परिषद् कार्यालयमा निहित रहने छ । यस सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा परिषद् कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

६. अन्य थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समयभित्र परिषद् कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

७. म्याद नाघी आएको वा रीतपूर्वक नआएको बोलपत्र फाराम उपर कुनै कारबाही हुने छैन ।

समाज कल्याण परिषद्
केन्द्रीय कार्यालय, हरिहरभवन
पुल्चोक, ललितपुर ।
फोन नं.०१-५४५५४४८, ०१-५४५५४९५